Govt. Reg. No. 149/053/054

# नेपाल मानव अधिकार संगठन

## HUMAN RIGHTS ORGANISATION OF NEPAL

HURON

Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

Central Office, Anamnagar, Kathmandu

मिति २०७६ /४ /१७

# सङ्कमणकालिन न्याय र राज्यको दायित्व सम्वन्धमा संगठनको प्रेस विज्ञप्ती

दशवर्षे माओवादी सशस्त्र विद्रोह र त्यसले निम्त्याएको सङ्कमणकालिन अवस्था एवं त्यसका पीडितहरुको न्यायका सम्वन्धमा यस संगठनले द्वन्दकालिन अवस्थादेखि नै काम गरिरहेको व्यहोरा स्मरण गर्दछौं ।

तात्कालिन विद्रोही नेकपा माओवादी र नेपाल सरकार विच भएको विस्तृत शान्ति संझौताको परिक्षेद ५,२ -७ र ८,४ मा सङ्कमणकालिन न्यायको लागि संझौताको छ महिनाभित्र सत्य निरुपण तथा वेपत्ता छानविन आयोग गठनगरी न्यायीक प्रक्रिया टुंगोमा पुर्‍याउने वाचा गरिएको र तात्कालिन आन्तरिम संविधानले यो विस्तृत शान्ति संझौतालाई संविधानको अंगको रुपमा स्वीकार गरेको सर्वविदितै छ ।

पिडितको न्यायको लागि दोषीउपर दण्ड तथा परिपुरणका लागि राष्ट्रिय, अन्तराष्ट्रिय चौतर्फी दवाव तथा न्यायीक प्रक्रिया टुङ्गोमा नपुर्‍याँउदा दण्डहिनता कायम रहने समस्याको साथै अन्तर्राष्ट्रिय दवाव र कारवाहीसम्मको भागिदारी हुनुपर्ने गंभिरतालाई भुलेर राजनीतिक दलहरु आँफैले गरेको सहमति कार्यान्वयन गर्न उदासिन रहेको वास्तविकता छ ।

सत्य निरुपण तथा वेपत्ता छानविन आयोग ऐन र आयोग गठन मै पीडित समुदाय, मानव अधिकारवादी, संयूक्त राष्ट्रसंघको उच्चायुक्तको कार्यालयलगायत नेपाल पक्षभई हस्ताक्षरित अन्तराष्ट्रिय सन्धिहरुको विपरित भएकाले ऐन र आयोगले परिणाम ल्याउन असमर्थ रहने अवस्था छ ।

नेपाल मानव अधिकार संगठनले संकमणकालिन न्यायको न्यायीक टुङ्गो लगाउन संझौता पक्षभरसँग पटक पटक संवाद गरेको । पटक पटक पिडितहरु लगायत सरोकारवाला निकायहरुसँग दवाव मुलक पहल गरेको एवं पछिल्लो पटक संकमणकालिन न्यायका सम्वन्धमा ऐन संसोधनका लागि तयार विधेयकमाथि विभिन्न चरणमा छलफल गरेको र संगठनले मिति २०७५ वैशाख १९ गते विभिन्न सरोकारवालासँग गरेको छलफल तथा समाधानका लागि प्राप्त गरेका सुझाव समेतको एक ज्ञापनपत्र वनाई नेपाल सरकार कानून तथा न्याय मन्त्रालयका तात्कालिन कानूनमन्त्री मा. शेरवहादुर तामाङलाई मिति २०७५/४/ ७ मा वुझाएको थियो ।

साथै, यस संगठन सङ्कमणकालिन न्यायका सन्दर्भमा आफ्नो धारणा विभिन्न सरोकारवाला निकायहरु समक्ष लिखित तथा मौखिकरुपमा पेश गरेको विषयसमेत स्मरण गराउन चाहान्छौं । यस संगठनले सङ्कमणकालिन न्यायलाई सत्ता प्राप्तीको वाटो वनाउने एवं दोषीलाई उन्मुक्ति, पिडितको भावना एवं

आवाजलाई दवाई वास्तविक दोषीलाई उम्काउने कुनै पनि कानूनी तथा संरचनात्मक कदमको सदैव भत्सर्ना गर्दछ र नेपाल सरकारले दोषीलाई फाईदा हुने किसिमले  सृजना गर्न लागेको कानूनी तथा संरचनागत व्यवस्थामा व्यापक असहमति व्यक्त गर्दछौं ।

अन्तमा : संङ्कमणकालिन न्यायको प्राप्तीमा संगठनको प्रयास तथा स्मृतीपत्रहरु  र सम्मानीत सर्वोच्च अदालतको संम्वन्धित फैसलाहरु, नेपाल पक्षभएका विभिन्न मानविय एवं मानव अधिकार सम्वन्धि अन्तराष्ट्रिय कानूनहरु एवं पिडितहरुको पिडा एवं भावना समेतलाई समेटेर सङ्कमणकालिन न्यायीक प्रकियालाई पूर्ण रुप दिन संगठन सम्वन्धित सवैपक्षसँग अपील गर्दछ ।

ईन्द्र प्रसाद अर्याल
अध्यक्ष